## सिद्धार्थ बैंक लिमिटेडका शेयरधनी महानुभावहरुलाई
## अठारौं वार्षिक साधारण सभाको सूचना

**श्री शेयरधनी महानुभावहरू,**

यस बैंकको मिति २०७६ साल आश्विन १५ गते (तदनुसार ०२ अक्टोबर २०१९) का दिन बसेको सञ्चालक समितिको ३२५औं बैठकको निर्णयानुसार बैंकको अठारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**१. सभा हुने मिति, समय र स्थान**
मिति : २०७६ साल कार्तिक ०७ गते बिहिबार (तद्अनुसार २४ अक्टोबर २०१९)
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ११ बजे
उपस्थिति पुस्तिका बिहान ९ बजे देखि नै खुल्ला राखिने छ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व.२०७५/७६ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस् ,चार्टड एकाउण्टेण्ट्सको ३ वर्षको अवधि समाप्त भएकाले पुनः नियुक्त हुन योग्य हुनुहुन्न ।)
५. बैंकको चुक्ता पूँजी रु. ८,८८७,६०४,५४० (अक्षरेपी आठ अर्ब अठासी करोड छयहत्तर लाख चार हजार पाँच सय चालिस रुपैँया मात्र) को १५.२६ प्रतिशतका दरले रु. १,३५६,५२९,११४ (अक्षरेपी एक अर्ब पैंतिस करोड पैंसट्ठी लाख उनन्तीस हजार एक सय चौध रुपैँया मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु ८,८८७,६०४,५४० (अक्षरेपी आठ अर्ब अठासी करोड छयहत्तर लाख चार हजार पाँच सय चालिस रुपैँया मात्र) को १० प्रतिशतका दरले हुने रु. ८८८,७६०,४५४ (अक्षरेपी अठासी करोड सतासी लाख साठी हजार चार सय चौवन्न रुपैँया मात्र) बराबरको बोनस शेयर प्रदान गर्ने । साथै, सो अनुसार बोनस शेयर प्रदान गर्दा संस्थापक एवं सर्वसाधारण शेयरधनीको शेयर अनुपात क्रमश: ५१ र ४९ प्रतिशत कायम हुने गरी उपरोक्त अनुसारको बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने तर शेयर अनुपातमा फरक पर्ने भएमा भिन्न अंक (Fraction) यथावत राख्ने र सोका कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हद सम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने ।

SiddharthaBank